# बेथानचोक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

ढुंखर्क, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल


पत्र संख्याः ०७९/०८०
चलानी नं. : १४४०

मिति : २०८०/०१/०३

श्री सम्बन्धित सबै,
बेथानचोक गाउँपालिका ।

**विषय : व्यक्तिगत श्रम स्वीकृती तथा पुन: श्रम स्वीकृती सम्बन्धमा ।**

उपरोक्त विषयमा वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार वैदेशिक रोजगारीमा जाने हरेक नेपाली नागरिकले अनिवार्य श्रम स्वीकृती लिनुपर्ने व्यवस्था छ । वैदेशिक रोजगारीलाई व्यवस्थित, सुरक्षित, मर्यादित, भरपर्दो तथा सहज बनाउन मिति २०८० बैशाख २ गतेदेखि वैदेशिक रोजगारीमा जानेहरुको लागि व्यक्तिगत श्रम, स्वीकृती र पुन: श्रम स्वीकृतीका लागि आवेदन गर्ने कार्य स्थानीय तहको रोजगार सेवा केन्द्र बाटै हुने भनी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (वैदेशिक रोजगार व्यवस्थापन शाखा) सिंहदरबार, काठमाडौंको मिति २०७९/१२/१६, च.नं. वै.रो. ७९/८०-२५५ परिपत्र मार्फत मिति २०७९/१२/१६ गतेको नेपाल सरकार (सम्माननीय प्रधानमन्त्री तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री)स्तरीय निर्णय अनुसार यस बेथानचोक गाउँपालिका, रोजगार सेवा केन्द्र मार्फत आवेदन गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

२०८०/०१/०३

...........................................
राजेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**
१) सूचना प्रविधि शाखा (सूचना प्रकाशन गरिदिनुहुन) ।
२) श्री वडा कार्यालय सबै, बेथानचोक गाउँपालिका (सूचना गरिदिनुहुन) ।




Scanned by CamScanner

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(वैदेशिक रोजगार व्यवस्थापन शाखा)

सिंहदरबार, काठमाण्डौ

च.नं.:- वै.रो.७९/८०- 244

मितिः२०७९/१२/१६

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ।

विषयः आवश्यक सहजीकरण सम्बन्धमा।

प्रस्तुत विषयमा वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार वैदेशिक रोजगारीमा जाने हरेक नेपाली नागरिकले अनिवार्य रुपमा श्रम स्वीकृति लिनुपर्ने व्यवस्था छ। वैदेशिक रोजगार विभागको Foreign Employment Information Management System (FEIMS) मा अनलाइन आवेदन गरी श्रमिकले श्रम स्वीकृति प्राप्त गर्न सक्ने व्यवस्था भएपनि अधिकांश नेपाली श्रमिकले अनलाइन आवेदन अन्य अनधिकृत व्यक्ति वा सेवाप्रदायक संस्था मार्फत गर्दा श्रमिकको सम्पुर्ण विवरण प्रविष्ट नहुने, सोवापत धेरै रकम तिर्न बाध्य हुनुपर्ने र विभिन्न वाहाना बनाइ श्रमिकलाई दुःख हैरानी दिने कार्य हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै वैदेशिक रोजगारीलाई थप व्यवस्थित, मर्यादित एवं भरपर्दो बनाई स्थानीय तहसम्म पहुँच अभिबृद्धि गर्न वैदेशिक रोजगारीमा जाने श्रमिक तथा कामदारको व्यक्तिगत तथा पुनः श्रम स्वीकृतिको अनलाइन आवेदन कार्य एवं वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह गर्ने कार्यमा ७५३ स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रलाई जिम्मेवारी तोकी बैशाख ०१, २०८० देखि कार्यान्वयन गर्न तहाँ मन्त्रालयमार्फत ७५३ वटै स्थानीय तहमा परिपत्र हुन मिति २०७९/१२/१६ (सम्माननीय प्रधानमन्त्री तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीस्तरीय) को निर्णयानुसार अनुरोध छ।

(प्रेम प्रसाद पोखरेल)
शाखा अधिकृत

बोधार्थः-

श्री प्रधानमन्त्री रोजगार कार्यक्रम, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।
श्री वैदेशिक रोजगार विभाग, बुद्धनगर, काठमाण्डौः- आवश्यक समन्वय तथा सहकार्यको व्यवस्था मिलाउनु हुन।

Scanned by CamScanner